# पार्क / मनोरञ्जन स्थल निर्माणका लागि अनुदान हस्तान्तरण मार्गनिर्देशन, २०७५

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## पार्क / मनोरञ्जन स्थल निर्माणका लागि अनुदान हस्तान्तरण मार्गनिर्देशन, २०७५

**प्रस्तावना:** गण्डकी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयको आर्थिक बर्ष २०७५/०७६ को बार्षिक कार्यक्रमको बुँदा नं. १८ मा समावेश भए बमोजिम सबै स्थानीय तहमा स्थान पहिचान गरि पार्क / मनोरञ्जन स्थलतथा अन्य पार्क निर्माण सम्बन्धी कार्य गर्न गराउन वाञ्छनीय भएको हुनाले यस मार्गनिर्देशन जारी गरिएको छ ।

**उद्देश्य:** भौतिक पूर्वाधार विकास मन्त्रालयको आ.व. २०७५।७६ को बार्षिक कार्यक्रममा मन्त्रालय र स्थानीय तह तथा स्थानिय संघ संस्थाको सहलागानीमा पार्क/मनोरञ्जन स्थल निर्माण सम्बन्धी कार्यक्रम रहेको छ । यस किसिमको कार्यक्रम ल्याउनुको मूल उद्देश्य स्थानीय तह, गाउँ, नगर, टोल, बस्तीमा रहेको खाली जग्गा जमिनलाई सदुपयोग गर्नु र पार्क / मनोरञ्जन स्थल निर्माण गरि गाउँ, नगर, टोल, बस्तीलाई हराबरा, सुन्दर र मनोरम बनाउनु रहेको छ ।

आजका बालबालिका भोलिका कर्णदार भएकाले उनिहरुको शारिरिक र मानसिक विकासका लागि खेलकुद अपरिहार्य भएको सन्दर्भमा सो पार्क भित्र मनोरञ्जनका साधन राखी बालबालिकालाई मनोरञ्जन दिलाउनु रहेको छ । यसका साथै गाउँ, नगर, टोल, बस्तीका प्रत्येक व्यक्तीले पनि सोही स्थलमा आई प्राकृतिक सौन्दर्यको लाभ लिन सकियोस् भन्ने हेतुले यस कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ । विभिन्न चाडपर्व, सभासमारोहमा पुष्पको प्रयोग बढ्दै गएको, मानिसहरुले घरको सौन्दर्यता बढाउन गमला राखेर सजावट गर्न थालेको परिप्रेक्ष्यमा यस किसिमका पार्कले ठूलो भूमिका खेल्नेछ।चाडपर्व आदिहरुमा आवश्यक फूलहरु त्यहीबाट उत्पादन भइ पुष्पमा आत्मनिर्भर हुँदै जाने, मानिसहरुलाई आवश्यक गमला, फलफूलका बोट बिरुवा त्यहीबाट उत्पादन हुन सक्ने र व्यस्थित पार्क/मनोरञ्जन स्थल उपलब्धताका कारण शारिरिक, मानसिक विकासमा सहयोग पुग्ने साथै त्यहाबाट प्राप्त आम्दानीका कारण पार्क निर्माण पछिको सञ्चालन व्यवस्थापनमा दिगोपना ल्याउनु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:**

१. यस मार्गनिर्देशनको नाम "पार्क / मनोरञ्जन स्थल निर्माणका लागि अनुदान हस्तान्तरण मार्गनिर्देशन, २०७५" रहेको छ ।
२. यो मार्गनिर्देशन गण्डकी प्रदेशभर लागु हुनेछ ।
३. यो मार्गनिर्देशन प्रदेश सरकारले स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गनिर्देशनमा ..

क) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।
ख) "स्थानीय तह" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ ।
ग) "स्थानीय कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई सम्झनु पर्छ ।
घ) "पार्क" भन्नाले उद्यान, पुष्प बगैचा सहित मनोरञ्जन स्थल भएको ठाउँ र सो शब्दले यस्तै प्रकृतिका अन्य पार्क समेतलाई जनाउँछ ।

ङ) "डिभिजन कार्यालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतका डिभिजन कार्यालय सम्झनु पर्छ र सो शब्दले सब-डिभिजन कार्यालयलाई पनि जनाउँदछ ।

**३. जग्गा प्राप्ती सम्बन्धमा**

१) स्थानीय तहमा पार्क निर्माण गर्दा सो पार्कलाई आवश्यक पर्ने जग्गा स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम स्थानीय तहलाइ आवश्यक पर्ने जग्गा सम्बन्धित स्थानीय तहका व्यक्ती वा संघस्थाले पनि उपलब्ध गराउन सक्नेछन् ।

**४.अनुदान सम्बन्धमा**

१) पार्क निर्माण गर्न मन्त्रालयले स्थानीय तहलाई रु.३,००,०००।– (अक्षेरुपी तीन लाख) अनुदान स्वरुप हस्तान्तर गर्नेछ ।

२) पार्क निर्माण गर्दा लाग्ने आवश्यक अन्य रकम स्थानिय तहले व्यहोर्नुपर्नेछ ।

३) उपदफा (२) बमोजिम स्थानिय तहलाई आवश्यक पर्ने रकम स्थानिय व्यक्ती वा संघसंस्थाले चाहेको खण्डमा अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछन् ।

**५.जग्गाको क्षेत्रफल**

१) पार्क निर्माणका लागी स्थानिय तहले आवश्यकता अनुसारको जग्गा उपलब्ध गराउनुपर्नेछ ।

**६.पार्कको निर्माण**

१) पार्कको निर्माण गर्ने सन्दर्भमा सो पार्कको ड्रइङ डिजाइन, ईस्टीमेट र स्पेसिफिकेसन सहितको विस्तृत परियोजना प्रतिवेदन स्थानीय तहबाट हुनेछ ।

२) पार्कको निर्माण कार्य एक आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ । उक्त समयभित्र कार्य सम्पन्न नभएमा मन्त्रालयले अनुदान प्रदान गर्नेछैन ।

३) पार्कको निर्माण कार्य, सुपरभिजन र मूल्यांकन स्थानिय तहबाट हुनेछ ।

४) पार्क निर्माण कार्यको अनुगमन तथा मूल्यांकन मन्त्रालय वा डिभिजन कार्यालयबाट हुनेछ ।

**७. भुक्तानी प्रकृया**

१) मन्त्रालयले आफ्नो दायित्वको रकम विलको अनुपातको आधारमा उपलब्ध गराउनेछ ।

२) निर्माण व्यवसायीसँग सम्झौता भइसकेपछि सो सम्झौता मन्त्रालय वा डिभिजन कार्यालयमा पठाउनुपर्नेछ ।

३) स्थानीय तहबाट भूक्तानी गरिएको वा भुक्तानीको लागि प्रमाणीत बिलको प्रतिलिपी सहित रकम माग गर्नुपर्नेछ ।

४) रकम दिनु भन्दा अगाडि मन्त्रालय वा डिभिजन कार्यालयले निर्माण कार्यको अनुगमन गर्न सक्नेछ ।

5) स्थानीय तहले रकम माग गरेको मितिबाट १५ दिन भित्र मन्त्रालय वा डिभिजन कार्यालयले सो माग गरिएको रकम दिनुपर्नेछ ।

6) स्थानीय तहले रकमको लागि असार १५ गते भन्दा अगाडि नै माग गरि सक्नुपर्नेछ ।

**८. व्यवस्थापन सम्बन्धमा**

1) पार्क निर्माण सम्पन्न पश्चात स्वत: स्थानिय तहको स्वामित्वमा रहनेछ ।

2) पार्कको रेखदेख, सम्भार, सञ्चालन र बहुउद्देश्यीय उपयोग सम्बन्धी सम्पूर्ण दायित्व स्थानिय तहको हुनेछ ।

**९. थपघट तथा हेरफेर**

1) यो मार्गनिर्देशन आवश्यकता अनुसार प्रदेश सरकारले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१०. बाधा अड्काउ फुकाउ**

1) यस मार्गनिर्देशनको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा प्रदेश सरकारले बाधा अड्काउ फुकाउन सक्नेछ ।